'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : ९३ शुक्रवार १४ मंसिर, २०८१ 29 (Friday) November 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### स्वास्थ्यकर्मीको दरबन्दी नहुँदा सेवा प्रवाहमा समस्या
## क्यान्सर अस्पताल खजुरामा नयाँ सिटी स्क्यान मेसिन सञ्चालनमा

नमस्ते समचारदाता
बाँके, मंसिर/१३



सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुरामा नयाँ सिटी स्क्यान मेसिन सञ्चालनमा आएसँगै स्वास्थ्य सेवा प्रवाहमा सहजता आएको स्थानीयहरुले प्रतिक्रिया दिएका छन् । अस्पतालमा १२८ स्लाईसको नयाँ सिटी स्क्यान मेसिन जडान गरेर सञ्चालनमा ल्याइएको अस्पतालले जनाएको छ । गत वर्षको फागुनमा आगलागी भएर विद्युतीय लाइन अवरुद्ध भएका कारण अवरुद्ध भएको सिटी स्क्यानको सेवा सञ्चालनमा आउन सकिरहेको थिएन। अहिले नयाँ सिटी स्क्यान मेसिन खरिद गरेर सेवा सुचारु गराइएको अस्पतालका कार्यकारी निर्देशक डा. प्रकाश प्रसाद साहले जानकारी गराएका हुन । ८ महिना अघि आगलागी हुँदा विद्युतीय वायरिङमा क्षति पुगेकाले तत्कालिन समयदेखि नै सिटी स्क्यान मेसिन सञ्चालनमा आउन सकेको थिएन । अहिले पुरानो सिटी स्क्यान मेसिन पनि केही मर्मत गरेर सञ्चालनमा आइसकेको अस्पतालका निर्देशक डा. साहले बताएका हुन । विगत ८ महिनादेखि क्यान्सरको निदानका लागि लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट आएका बिरामीलाई अस्पतालले सिटी स्क्यानका लागि नेपालगन्ज पठाउँदै आएको थियो । अहिले नयाँ मेसिनमार्फत सेवा सुचारु गरिपछि अब बिरामीलाई अस्पताल बाहिर पठाउनुपर्ने बाध्यता अन्त्य भएको निर्देशक डा. साहले बताए । अस्पतालमा लामो समयदेखि सिटी स्क्यान सञ्चालनमा आउन नसकेसँगै बहुप्रतीक्षित क्यान्सर उपचारको मुख्य प्रविधि लिन्याक मेसिन जडान भएर पनि सञ्चालनमा आएको थिएन । अहिले सिटी स्क्यान सञ्चालनमा आउँदा तयारी अवस्थामा रहेको लिन्याक मेसिन भने जनशक्तिका कारण सञ्चालन गर्न नसकिएको निर्देशक साहले बताएका छन् । निर्देशक डा. साहले भने, 'सिटी स्क्यान सञ्चालनमा आएपछि लिन्याक मेसिनबाट क्यान्सरको उपचार गर्न सकिन्छ, तर अस्पतालसँग लिन्याक चलाउने रेडियो थेरापी टेक्निसियन नहुँदा सो मेसिन सञ्चालन गर्न सकिएको छैन ।' चितवनको भरतपुर क्यान्सर अस्पताल देखि नेपालकै पश्चिम क्षेत्रको एकमात्र क्यान्सर अस्पताल खजुरालाई लुम्बिनी प्रदेशको क्यान्सर उपचारको मुख्य अस्पतालका रुपमा सङ्घीय सरकारले तोकेको छ । तर कर्मचारीको दरबन्दी नदिएर सरकारले देवावटी मात्र घोषणा गरेको स्थानीयहरुले गुनासो गर्दै आइरहेका छन् । कर्मचारी दरबन्दीको अभावमा अस्पताल चलाउँदा अस्पतालको सेवालाई प्रभावकारी बनाउन नसकिएको अस्पताल व्यवस्थापनले जनाएको छ ।

बाँकी ४ पेजमा...

## महिलाहरुलाई भूकम्प प्रतिरोधी घर बनाउने सीप सिकाइदै

नमस्ते समचारदाता
रुकुमपश्चिम, मंसिर/१३



भूकम्प प्रभावित क्षेत्रका महिलाहरुलाई घर निर्माण गर्ने कालिगडका रुपमा भूकम्प प्रतिरोधी घर निर्माणका लागि आवश्यक पर्ने ज्ञान र सिप सिकाइदै छ । रुकुम पश्चिमको मुसिकोट, जाजरकोटमा स्थानीय २६ जना महिलाहरुलाई कालिगड कामको सात दिने सिप सिकाई तालिम दिएर उनीहरुलाई दक्ष कालिगड बनाउन लागिएको हो । तालिम मार्फत २२ जना महिला र चार जना पुरुष कालिगडहरूको क्षमता अभिवृद्धि गरिएको बताइएको छ । रुकुम पश्चिमका ६ स्थानीय तहका १२ जना र जाजरकोटका सात स्थानीय तहका १४ जना कालिगडहरू उक्त तालिममा सहभागी रहेका थिए । कालिगडहरूको क्षमता अभिवृद्धि गरेर भूकम्प प्रतिरोधी घर निर्माणको सीप प्रदान गर्ने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको थियो । तालिममा सुरक्षित भवन निर्माण मापदण्डको जानकारी गराउनुका साथै आधुनिक निर्माण विधि बारेमा जानकारी गराइएको थियो । तालिमले कालिगडहरूमा रहेको सीपलाई विकास गरेर दक्ष बनाएको र स्थानीय स्तरमै रोजगार प्राप्त गरेर आयआर्जनका काममा जोडिनलाई बाटो देखाएको सहभागीहरूले प्रतिक्रिया दिएका छन् । तालिममा सहभागी जाजरकोट कुसे गाउँपालिका-५ की भावना शाहीले आफूमा रहेको सीप विकास गर्न पाउँदा खुसी लागेको बताइन । गाउँमा दक्ष कामदारहरू अभाव रहेको बेला महिलाहरूलाई पनि दीर्घकालीन पुनर्निर्माणको काममा जोड्नलाई दिइएको तालिम प्रभावकारी भएको उनको भनाइ छ । आफ्नो र अरुको पनि घर निर्माणमा आफ्नो सीप उपयोग गर्ने उनले प्रतिबद्धता जनाइन । रुकुम पश्चिमको मुसिकोट नगरपालिका-६ की लीला ओलीले महिलाहरूलाई कालिगडको रूपमा काम गर्न असहज लाग्ने भएता पनि तालिम पाएपछि अब सुरक्षित आवास निर्माणमा लाग्ने आत्मविश्वास बढेको बताइन । तालिमबाट भूकम्प प्रतिरोधी घर बनाउन सिकेको ओलीले र भूकम्पले क्षति गरेका संरचनाहरूको पुनर्निर्माण कार्यका लागि जनशक्ति तयार गर्न र स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न तालिम थप प्रभावकारी हुने उनको बुझाइ छ ।

## बाल सुधारगृहबाट भागेका १२ मध्ये नौ जना पक्राउ ३ जना अझै भेटिएनन्

नमस्ते समचारदाता
बाँके, मंसिर/१३



बाँकेको बैजनाथ गाउँपालिका -३ स्थित नौबस्ता क्षेत्रीय कारागारमा रहेको नौबस्ता बाल सुधारगृहबाट बुधवार साँझ फरार भएका १२ जनामध्ये ९ जना बाल बिजाइँकर्तालाई प्रहरीले नियन्त्रणमा लिएको छ । बुधवार साँझ खाना खुवाउने क्रममा बाल बिजाइँकर्ता फरार भएको र सो लगत्तै इलाका प्रहरी कार्यालय कोहलपुर, जिल्ला प्रहरी कार्यालय बाँके तथा मातहतका प्रहरी युनिटहरूबाट ठुलो संख्यामा प्रहरी परिचालन गरी नौ जनालाई राती नै नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले जानकारी गराएका हुन । कार्किले अझै तीन जना बाल बिजाइँकर्ता फरार रहेको जनाउँदै उनीहरूको खोजी कार्य तीव्र रूपमा भइरहेको बताए । जिल्ला प्रहरी कार्यालयले नेपाल भारत नाकालगायत विभिन्न स्थानमा प्रहरी परिचालन गरेर फरार बाल बिजाइँकर्ताको खोजी गरिरहेको छ । बाँकेका बाल सुधार गृहबाट बाल बिजाइँकर्ता भागेको यो पहिलो घटना भने होइन । नेपालगन्जको डुडुवामा रहेको जयन्दु बाल सुधारगृह र नौबस्तास्थित क्षेत्रीय कारागारमा रहेको बाल सुधारगृहबाट पटक पटक बाल बिजाइँकर्ताहरु भाग्ने गरेका छन् । गत कात्तिक २६ गते पनि नौबस्ता बाल सुधार गृहबाट ३ जना बाल बिजाइँकर्ता भागेका थिए भने उनीहरू अहिले सम्म भेटिएका छैनन् । सोही प्रकारले नेपालगन्जको बाल सुधारगृहबाट भागेका दुई जना भारतीय बाल बिजाइँकर्ता पनि अझै फेला परेका छैनन् । सशस्त्र र नेपाल प्रहरीको सुरक्षा घेरामा रहेको नौबस्ता बाल सुधारगृहमा अग्लो पर्खाल भए पनि बाल बिजाइँकर्ताहरु भाग्ने गरेको पाइएको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी कार्कीले भने, 'के कसरी उनीहरू भागे भन्ने अनुसन्धान सुरु गरेका छौं।

बाँकी ४ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## महसुल उठाउन सरकारकै अवरोध

देशले चरम लोडसेडिङ खेपिरहेका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४सै घण्टा विद्युत सेवा उपयोग गरेका उद्योगीहरुले बक्यौता नतिर्नेको उद्योगमा लाइन काट्न सरकारले फेरि अवरोध गरेपछि विद्युत् प्राधिकरणले वैकल्पिक रणनीति अपनाएको छ । प्राधिकरणले सम्बन्धित उद्योगको बैंक खाता रोक्का गर्ने, सेयर ट्रान्सफर र साधारण सेयर निष्कासन रोक्ने तथा बक्यौता नतिर्ने उद्योगीको घरको लाइन काट्नेसम्मका कारबाही गर्ने रणनीति लिएको लिएको छ । सरकारी बक्यौता उठाउन बैंक खाता रोक्का गरिने अभ्यास छ। ऊर्जा मन्त्रालयले बनाएको बक्यौता जाँचबुझ प्राविधिक समितिलाई देखाएर विद्युत् नियमन आयोगले मंगलबार प्राधिकरणलाई उद्योगहरूमा लाइन नकाटी अन्य दबाबमूलक कारबाही गर्न निर्देशन दिएको थियो । बुधबार बिहान बसेको प्राधिकरण सञ्चालक समिति बैठकले पनि उद्योगमा लाइन नकाटेर अन्य दबाबमूलक कारबाहीमा जाने निर्णय लिएको छ । त्यसकै आधारमा प्राधिकरण व्यवस्थापनले बक्यौता नतिरेका उद्योगको बैंक खाता रोक्का गर्ने, आइपिओ निष्कासन रोकिदिने र सेयर ट्रान्सफर गर्न नदिने रणनीतिसहित आवश्यक सहयोगका लागि सम्बन्धित निकायहरूलाई पत्रचार गरेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोगले लाइन नकाटी अन्य दबाबमूलक प्रक्रिया अपनाउन भने अनुसार नयाँ निर्णय लिइएको बताएका छन । 'नियमन आयोगले उद्योगमा लाइन नकाटी अन्य दबाबमूलक कारबाही अघि बढाउन भनेकाले सोहीअनुसार बुधबार बिहान बसेको सञ्चालक समितिको बैठकले लाइन नकाटी अन्य कारबाही अघि बढाउने निर्णय गरेकाले हो । सोहीअनुसार अन्य दबाबमूलक कारबाही अघि बढाएको र त्यसमा सम्बन्धित निकायहरूले सहयोग गर्नुहुनेछ भन्ने विश्वास छ । आयोगबाट सहमति मिले उद्योगको सञ्चालकको घरमा पनि लाइन काट्ने सम्मको काम पनि हुन सक्ने छ । तर, प्राधिकरणको कदममा राष्ट्र बैंक, धितोपत्र बोर्ड र कम्पनी रजिस्ट्रारको कार्यालयले सहयोग गर्नेमा आशंका छ । किनभने ती ठाउँमा अहिले सत्तापक्षकै कार्यकर्ता पदासिन छन्। तर, सरकारी राजस्वसरहको बक्यौता भएकाले पत्र कार्यान्वयन गर्नुपर्ने ती निकायहरुलाई नैतिक दबाब भने हुनेछ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा


# राष्ट्र निर्माणमा निजी क्षेत्र

**रामकृष्ण अधिकारी**

> सहभागिता तथा विकासमार्फत समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य पूरा गर्नु राजनीतिक क्षेत्र, सरकार र निजी क्षेत्रलगायत प्रत्येक सचेत नागरिकको कर्तव्य हो ।



रामकृष्ण अधिकारी




समृद्धि एक गुणात्मक र तुलनात्मक अवस्था हो, जसलाई एकै वाक्यमा परिभाषित गर्न वा कुनै नम्बरमा मूल्याङ्कन गर्न सकिँदैन । तथापि राष्ट्रको उन्नति भएको वा सम्पन्न भएको वा राष्ट्रका सबल पक्षको बढीबढाउ भएको अवस्थालाई राष्ट्रको समृद्धि भनिन्छ । समृद्धि निरन्तरको यात्रा हो न कि कुनै गन्तव्य । राष्ट्रको आर्थिक, सामाजिक, भौतिक तथा राजनीतिक पक्षलगायतका समग्र क्षेत्रमा भएको वा हुने सकारात्मक बढोत्तरी नै समृद्धि हो । नेपालको संविधानको प्रस्तावनामा उल्लिखित '..लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौँ ।' व्यवस्थाले यिनै पक्षलाई निर्देशित गरेको पाइन्छ । उपरोक्त राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सरकार, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको प्रतिबद्धता र सक्रियतासहितको सहकार्य अपरिहार्य छ । समृद्धिको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न ज्ञान, सिप, पुँजी, प्रविधि र उच्चस्तरको व्यावसायिक दक्षता रहने निजी क्षेत्रको अहम् भूमिका रहने तथ्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवहरूले पुष्टि गरिसकेको छ। संविधानले निर्देशित गरेको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनुका अतिरिक्त साधनस्रोत र सक्षमतायुक्त निजी क्षेत्रको प्राथमिक दायित्व हो । नेपालका आवधिक योजनाहरूले समेत निजी क्षेत्रलाई राज्य विकासको एक अभिन्न र जिम्मेवार क्षेत्रका रूपमा स्वीकार गरेको छ । पन्ध्रौँ योजनाले लिएको दीर्घकालीन राष्ट्रिय लक्ष्य अन्तर्गतका समृद्धिका चार लक्ष्य, सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तर आबद्धता, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व र उच्च र समतामूलक राष्ट्रिय आय हासिल गर्न निजी क्षेत्रको निर्णायक भूमिका रहन्छ। यस योजनाले 'सार्वजनिक निजी साझेदारीको माध्यमद्वारा उत्पादनशील र रोजगारमूलक आर्थिक वृद्धि' गर्ने सोच लिएको थियो। योजना अवधिमा निजी क्षेत्रबाट सार्वजनिक निजी साझेदारीमा करिब सात खर्ब ५० अर्ब लगानी हुने अपेक्षा लिएको थियो। सोह्रौँ योजनाको अवधारणापत्रले समेत उल्लिखित नीतिगत प्राथमिकतालाई निरन्तरता दिँदै समृद्ध राज्य निर्माणमा निजी क्षेत्रको उल्लेख्य भूमिकाको अपेक्षा गरेको छ । हरेक वर्षको सरकारका नीति तथा कार्यक्रमले निजी क्षेत्रसँग सहकार्य गरी सो क्षेत्रको विकासमा सहजीकरण र संवर्धन गर्दै सरकारको नियमनकारी भूमिकालाई सरल, सहभागितामूलक र पारदर्शी बनाउँदै लगेको छ। परिणातः नेपालको निजी क्षेत्रको विकास र विस्तार हुँदै गएको तथ्य योजनाबद्ध विकासमा निजी क्षेत्रको योगदान तथा अर्थतन्त्रमा यस क्षेत्रको उदीयमान उपस्थितिले पुष्टि गर्छ । निजी क्षेत्रले खेलेका भूमिका समृद्धि यात्रामा निजी क्षेत्रले पुऱ्याएको योगदान तथा खेलेको भूमिका महत्वपूर्ण रहेको हुँदा यसका सकारात्मक र सुधारापेक्षी पक्षहरूको समीक्षा गर्न आवश्यक छ । विषेशतः २०४६ सालको राजनीतिक परिवर्तन सँगसँगै लिइएको उदारीकरणको नीति एवं सूचना प्रविधिको क्षेत्रमा भएको अकल्पनीय विकासले नेपालमा निजी क्षेत्रको विकास र विस्तारमा उल्लेखनीय भूमिका निर्वाह गरेको छ। सूचना तथा सञ्चार, बैङ्क तथा वित्तीय सेवा, जलविद्युत्, यातायात, निर्माण तथा पूर्वाधार, शिक्षा तथा स्वास्थ्यलगायतका क्षेत्रमा यस अवधिमा भएको उल्लेखनीय विस्तार तथा विकासमा निजी क्षेत्रको महत्वपूर्ण योगदान छ । पछिल्लो समयमा शिक्षा, स्वास्थ्य, पर्यटनलगायत सेवा क्षेत्रमा निजी क्षेत्रको उल्लेख्य लगानी परिचालन भएको र सेवा विस्तार भई देशको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान दुई तिहाइ नजिक पुगेको छ। सेवा क्षेत्रको विस्तारले रोजगारी सिर्जनामा समेत निजी क्षेत्रको योगदान बढेको छ। जलविद्युत् उत्पादनको क्षेत्रमा निजी क्षेत्रको प्रवेशपश्चात् यस क्षेत्रमा नेपाल आत्मनिर्भर हुँदै निर्यातमार्फत चुलिँदो व्यापार घाटा कम गर्न सहयोगी हुने परिस्थिति विकास हुँदै गएको छ। शिक्षा क्षेत्रमा भएको विकासले अन्तर्राष्ट्रिय स्तरको शिक्षा देशभित्रै हासिल गर्न सकिने वातावरण बन्दै गरेको छ भने स्वास्थ्य क्षेत्रमा समेत जटिल र गम्भीर प्रकृतिका स्वास्थ्य समस्याको उपचार समेत देशभित्रै उपलब्ध भई सेवा नै प्राप्त नहुने तथा सेवाका लागि ठुलो रकम बिदेसिने अवस्थामा न्यूनीकरण भई यी क्षेत्रमा देश आत्मनिर्भरतातर्फ उन्मुख भएको छ। उल्लिखित उपलब्धि हुँदाहुँदै निजी क्षेत्र समस्यारहित भने छैन । यस क्षेत्रका कतिपय समस्याका लागि स्वयम् निजी क्षेत्र जिम्मेवार रहेको पाइन्छ भने कतिपय नीतिगत समस्यासमेत रहेका छन् । निजी क्षेत्र विकासका संवाहक, सरकारको सहयात्री र जनताका सहयोगी हुनुपर्नेमा उल्लिखित समस्या र कतिपय अवस्थामा नकारात्मक सोच हाबी हुँदा उनीहरू नाफाखोर, राजस्व र सार्वजनिक स्रोतसाधनको अपचलनकर्ताका रूपमा समेत चित्रित भइरहेको पाइन्छ । यस्तो भाष्य सिर्जना हुनुका पछाडि तपसिलबमोजिमका प्रवृत्ति जिम्मेवार रहेको पाइन्छ :

क. सिन्डिकेट, कार्टेलिङ, उत्पादक र उपभोक्ताकाबिच बहुतहको बिचौलियाको अनपेक्षित उपस्थितिका कारण कमजोर बजार प्रतिस्पर्धाले आमउपभोक्तामा परेको नकारात्मक असर।

ख. अनौपचारिक कारोबार, न्यून बिजकीकरण, चोरी तस्करी, हुन्डी कारोबार, अवैध क्षेत्रमा लगानी, उच्च राजस्व चुहावट तथा मूल्य र आपूर्तिमा अस्वाभाविक उतारचढावका कारण निजी क्षेत्रमाथिको विश्व सनीयतामा ह्रास ।

ग. शिक्षा, स्वास्थ्यलगायतका सेवा क्षेत्रको चर्को मूल्य र न्यून गुणस्तरका कारण आमनागरिकमा व्यप्त अविश्वास र असन्तुष्टि।

घ. उत्पादनमूलक कृषि तथा औद्योगिक क्षेत्रमा भन्दा वाणिज्य र व्यापार लगायतका सेवा क्षेत्रमा अधिक केन्द्रित हुनु । प्राथमिक तथा द्वितीय क्षेत्रको विकासबिना तृतीय क्षेत्रको विकास दिगो नहुने हुँदा सो क्षेत्रमा अपेक्षित लगानी नहुनुका कारण निजी क्षेत्रप्रति विश्वशनीयतामा प्रश्न उठ्ने गरेको ।

ङ. निर्माण तथा पूर्वाधार क्षेत्रमा देखिएको उच्च लागत र न्यून गुणस्तर एवं तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्दा धकेलिएको समय र महँगिएको सार्वजनिक निर्माणले निजी क्षेत्रको विश्वसनीयतामा प्रश्न उठ्ने गरेको छ।

च. निजी क्षेत्रमा श्रम र श्रमिकको उचित सम्मान हुन नसकेको, श्रम शोषण हुने गरेको तथा निजी क्षेत्र व्यावसायिक रूपमा भन्दा व्यक्ति वा पारिवारिक घेराभित्र सञ्चालन हुने गरेको आमगुनासो रहेको छ।

छ. विविध कारणले निजी क्षेत्रको बढ्दो लागत, न्यून उत्पादन तथा उत्पादकत्व एवं कमजोर प्रतिस्पर्धात्मक क्षमताका कारण यस क्षेत्रको अपेक्षित संस्थागत विकास हुन सकेको छैन।

### निजी क्षेत्रसँगको अपेक्षा

समाजमा जोसँग अपेक्षा हुन्छ उसैको टीकाटिप्पणी गरिन्छ । निजी क्षेत्र समाजको एक अभिन्न अङ्ग र अर्थतन्त्रको प्रमुख खम्बा भएका कारण नै यस क्षेत्रमा भएका कमीकमजोरीको चर्चा गरिन्छ । ती कमजोरी सुधार हुने अपेक्षा राखिन्छ। साथै सो क्षेत्रमा रहेका खराबीले आमनागरिकको जनजीवनमा गम्भीर नकारात्मक असर र देश विकासमा समेत ठुलो धक्का पुग्न जान्छ । तसर्थ देशको अर्थतन्त्रको प्रमुख खम्बा निजी क्षेत्रमा रहेका कमीकमजोरीको तत्काल सुधार अपरिहार्य छ । यसका लागि तपसिलबमोजिमको सुधारको अपेक्षा गरिन्छ :

क. समाजमा असल र इमानदार उद्यमी व्यवसायी रहन्छन् र तिनलाई सरकार र समाजले सहजीकरण, सम्मान र सहयोग गर्नु पर्छ भन्ने मर्मका साथ नीतिगत सुधार र कार्यसस्कृति अवलम्बन गरिनु पर्छ।

ख. लोकतान्त्रिक शासन प्रणालीको प्रमुख आधार कानुनको शासन भएकाले कानुनको अवज्ञा अक्षम हुने हुँदा गैरकानुनी गतिविधि निर्ममताका साथ नियन्त्रण गर्नमा निजी, प्रशासनिक र राजनीतिक क्षेत्रको कटिबद्धता एवं अग्रक्रियाशीलता हुनु पर्छ।

ग. सरकारको प्राथमिकता प्राथमिक क्षेत्रको सबलीकरण, द्वितीय क्षेत्रको विकासमार्फत तृतीय क्षेत्रको स्थायित्व कायम गरी समग्र आर्थिक विकासको दिगोपना सुनिश्चित गर्ने हुनु पर्छ।

घ. उत्पादन लागत घटाइ उत्पादकत्व बढाउन आवश्यक नीतिगत, कार्यप्रणाली तथा व्यवस्थापकीय सुधार गरिनु पर्छ।

ङ. निजी क्षेत्रले शिक्षा, स्वास्थ्य, निर्माण तथा पूर्वाधार विकास लगायतमा हासिल गरेको परिमाणात्मक उपलब्धिलाई विस्तार गर्दै गुणात्मक सुधारमार्फत जनविश्वास स्थापित गर्न इमानदार र उचित प्रयास गर्नु पर्छ।

च. निजी क्षेत्रको संस्थागत विकासका लागि निजी क्षेत्रले व्यावसायिक र सङ्गठित रूपमा सञ्चालन भई संस्थागत सुशासनको सुनिश्चितता गर्नु पर्छ।

नेपालको संविधानले सरकारी, निजी तथा सहकारीलाई अर्थतन्त्रको प्रमुख संवाहकको रूपमा अङ्गीकार गरेको छ, नेपालको आर्थिक विकासमा यी तिनै क्षेत्रको अहम् भूमिका रहन्छ । कुनै एक क्षेत्रको विकासबिना देशको समग्र विकास हुन नसक्ने र एक क्षेत्रको विकासले अर्को क्षेत्रको विकासलाई भरोसायोग्य टेवा पुग्ने हुँदा तिनै क्षेत्रका सबल पक्षको प्रवर्धन र कमीकमजोरीको निरन्तरको सुधार नै आजको आवश्यकता हो। राष्ट्रिय अर्थतन्त्रको विकासबाट नै नेपालको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा हुन सक्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य पूरा गर्नु राजनीतिक क्षेत्र, सरकार र निजी क्षेत्रलगायत प्रत्येक सचेत नागरिकको कर्तव्य हो ।

*–अन्नपूर्ण*

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७९ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।

सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

Pan No. 301968612

# युनाइटेड ड्रग्स सेन्टर प्राईभेट लिमिटेड

## नेपालगन्ज-२, बाँके

## औषधी दररेट (मूल्य सूची) प्रकाशन सम्बन्धमा ।

**मिति : २०८१/०८/१४**

यस यूनाईटेड ड्रग्स सेन्टर प्रा.लि. मा लोमस फर्मारयुटिकल्स प्रा.लि, देउराली जनता फर्मारयुटिकल्स प्रा.लि, सुमी फर्मारयुटिकल्स प्रा.लि, मनोज फर्मारयुटिकल्स वोर्क्स, नेशनल हेल्थ केयर प्रा.लि, कोयस्त फर्मा प्रा.लि, युनिक फर्मारयुटिकल्स प्रा.लि, एरिस्तो फर्मारयुटिकल्स प्रा.लि, एस आर ड्राग ल्याब्रोटोरिज प्रा.लि, कोयस्त फर्मा प्रा.लि, ब्लु क्रस ल्याब्रोटोरिज प्रा.लि, एसियन फर्मारयुटिकल्स प्रा.लि, विन मेडिकेयर प्रा.लि, एलाईभ फर्मारयुटिकल्स प्रा.लि र नोभा जेनेतिका प्रा.लि. को आधिकारिक थोक बिक्रेता भएकोले उक्त कम्पनी बाट उत्पादित औषधीको मुल्य सुची प्रकाशित गरिएको छ औषधी खरिदको लागि यस प्रा.लि. मा सम्पर्क राख्न यो सूचना प्रकाशित गरिएको छ।

**(FR: 2081-2082)**

| S.N | Product Name | MRP | Rate |
|---|---|---|---|
| 1 | ACYCLOVIR 200 MG TAB | 10 | 9.85 |
| 2 | ACYCLOVIR 400 MG TAB | 20 | 19 |
| 3 | ALBENDAZOLE 400 MG TAB | 10 | 9.95 |
| 4 | ALBENDAZOLE SYS 10 ML | 18 | 17.5 |
| 5 | ALPRAZOLAM 0.25 MG TAB | 1.7 | 1.65 |
| 6 | ALPRAZOLAM 0.50 MG TAB | 3.4 | 3.3 |
| 7 | AMITRITYLINE 10 MG TAB | 2.4 | 2.35 |
| 8 | AMITRITYLINE 25 MG TAB | 3.75 | 3.7 |
| 9 | AMLODIPINE + LOSARTAN 27.5 MG TAB | 6 | 5.9 |
| 10 | AMLODIPINE + LOSARTAN 55 MG TAB | 13 | 12.9 |
| 11 | AMLODIPINE 10 MG TAB | 8 | 7.9 |
| 12 | AMLODIPINE 5 MG TAB | 5 | 4.95 |
| 13 | AMLODIPINE 2.5 MG TAB | 2.46 | 2.4 |
| 14 | AMOXYCILLIN + CLOXACILLIN 500 MG CAP | 11 | 10.8 |
| 15 | AMOXYCILLIN + CLOXACILLIN D/S 60 ML | 11.5 | 11.4 |
| 16 | AMOXYCILLIN +CLOXACILLIN KID TAB | 5 | 4.8 |
| 17 | AMOXYCILLIN 125 MG TAB | 3.5 | 3.4 |
| 18 | AMOXYCILLIN 250 MG TAB | 5.5 | 5.3 |
| 19 | AMOXYCILLIN 500 MG CAP | 8 | 7.9 |
| 20 | AMOXYCILLIN D/S 60 ML | 75 | 74 |
| 21 | AMOXYCILLIN D/S 90 ML | 110 | 108 |
| 22 | AMPICILLIN + CLOXACILLIN 500 MG CAP | 11 | 10.9 |
| 23 | ANTIKOF TAB | 8 | 7.9 |
| 24 | ANITICOLD SUS 60 ML | 80 | 78 |
| 25 | ANTICOLD TAB | 3 | 2.95 |
| 26 | ANTACID GEL | 145 | 143 |
| 27 | ANTACID TAB | 1.68 | 1.65 |
| 28 | ATENOLOL 25 MG TAB | 2 | 1.95 |
| 29 | ATENOLOL 50 MG TAB | 3.5 | 3.45 |
| 30 | ATORVASTATIN 5 MG TBA | 6.75 | 6.7 |
| 31 | ATORVASTATIN 10 MG TBA | 10.75 | 10.6 |
| 32 | ATORVASTATIN 20 MG TAB | 20 | 19.95 |
| 33 | AZITHROMYCIN 100 MG 30 ML | 120 | 118 |
| 34 | AZITHROMYCIN 200 MG 30 ML | 150 | 148 |
| 35 | AZITHROMYCIN 250 MG TAB | 17 | 16.5 |
| 36 | AZITHROMYCIN 500 MG TAB | 30 | 29 |
| 37 | BENZOIC SALICYCLIC ACID CREAM 30 GM OINT | 90 | 88 |
| 38 | BETAMETHASONE+GENTAMYCIN CREAM 20 GM | 100 | 98 |
| 39 | CALAMINE LOTION 100 ML | 120 | 118 |
| 40 | CALAMINE LOTION 30 ML | 50 | 48 |
| 41 | CALCIUM 500 MG TAB | 6 | 5.95 |
| 42 | CALCIUM SUS 170 ML | 100 | 98 |
| 43 | CEFIXIME 100 MG TAB | 15 | 14.5 |
| 44 | CEFIXIME 200 MG TAB | 20 | 19 |
| 45 | CEFIXIME 400 MG TAB | 50 | 49 |
| 46 | CEFIXIME 50 MG 60 ML | 160 | 128 |
| 47 | CEFIXIME 100 MG 60 ML | 195 | 194 |
| 48 | CEFPODOXIME 100 MG TAB | 15 | 14.5 |
| 49 | CEFPODOXIME 200 MG TAB | 25 | 24.5 |
| 50 | CEFPODOXIME 50 MG 60 ML | 175 | 174 |
| 51 | CEFPODOXIME 100 MG 60 ML | 335 | 334 |
| 52 | CETRIZINE 10 MG TAB | 3.5 | 3.4 |
| 53 | CETRIZINE SYS 60 ML | 60 | 59 |
| 54 | CHLORPHENICOL 250 MG CAP | 9 | 8.9 |
| 55 | CHLORPHENICOL 500 MG CAP | 17 | 16.8 |
| 56 | CHLORPHENICOL SUS 60 ML | 100 | 98 |
| 57 | CHLORPHENIRAMINE MALATE 4 MG TAB | 2.1 | 2 |
| 58 | CHLORAZOXAZONE 250 + PARACETAMOL 500 MG TAB | 7 | 6.8 |
| 59 | CHLORAZOXAZONE 5000 + PARACETAMOL 500 MG TAB | 12 | 11 |
| 60 | CIPROFLOXACIN 250 MG TAB | 5 | 4.8 |
| 61 | CIPROFLOXACIN 500 MG TAB | 8 | 7.9 |
| 62 | CIPROFLOXACIN EYE OINT | 25 | 24.8 |
| 63 | CIPROFLOXACIN E/E DROP | 30 | 29 |
| 64 | CLARITHROMYCIN 500 MG TAB | 55 | 54.5 |
| 65 | CLOTRIMAZOLE CREAM 10 GM | 110 | 108 |
| 66 | CLOTRIMAZOLE PESSARY TAB | 13 | 12 |
| 67 | CLOTRIMAZOLE VAGINAL GEL | 90 | 88 |
| 68 | CLOXACILLIN 250 MG CAP | | |
| 69 | CLOXACILLIN 500 MG CAP | 15 | 14 |
| 70 | CLOXCILLLIN D/S | | |
| 71 | CODEINE PHOSPHATE 10 MG PARACETAMOL 500 MG | 8 | 7.9 |
| 72 | DICLOFENAC GEL | 140 | 138 |
| 73 | DICLOFENAC 50 MG TAB | 2.5 | 2.4 |
| 74 | DICLOFENAC 100 MG TAB | 4 | 3.9 |
| 75 | DICLOFENAC M/W 100 ML | 137 | 136 |
| 76 | DOMPERIDONE TAB | 6.6 | 6.4 |
| 77 | DOMPERIDONE DROP | 3.5 | 3.34 |
| 78 | DOMPERIDONE 10 MG TAB | 6.6 | 6.49 |
| 79 | DOMPERIDONE SYS | 65 | 64 |
| 80 | DOXOFYLINE 400 MG TAB | 9 | 8.95 |
| 81 | ESOMEPRAZOLE 40 MG TAB | 6 | 5.59 |
| 82 | ESOMEPRAZOLE 20 MG TAB | 13 | 12.5 |
| 83 | FERUSS SULPH + FOLIC ACID TAB | 2.1 | 2 |
| 84 | FEXFENADINE 120 MG TAB | 12 | 11.8 |
| 85 | FEXFENADINE 180 MG TAB | 15 | 14 |
| 86 | FEXFENADINE SUS 100 ML | 90 | 88 |
| 87 | FLUCONAZOLE 150 MG TAB | 24 | 23 |
| 88 | FOLIC ACID 5 MG TAB | 2.08 | 2 |
| 89 | FRUSEMIDE 20 MG TAB | 3.6 | 0.5 |
| 90 | FRUSEMIDE 40 MG TAB | 1.5 | 1.45 |
| 91 | FRUSEMIDE INJ 2 ML | 11 | 10.5 |
| 92 | GAMA BENZENE 100 ML | 110 | 108 |
| 93 | GLIMIPRIDE 1 MG TAB | 5.3 | 5.2 |
| 94 | GLIMIPRIDE 2 MG TAB | 8.6 | 8.55 |
| 95 | GLIMIPRIDE 3 MG TAB | 11.2 | 11 |
| 96 | HAND SANITIZER GEL 250 ML | 350 | 345 |
| 97 | HAND SANITIZER GEL 5 LTR | 3500 | 3300 |
| 98 | HAND SANITIZER LIQUID 250 ML | 450 | 415 |
| 99 | HAND SANITIZER LIQUID 100 ML | 140 | 100 |
| 100 | HYOSCINE BUTYLBROMIDE 10 MG TAB | 12 | 11 |
| 101 | HYOSCINE BUTYLBROMIDE 20 MG TAB | 28 | 27 |
| 102 | HYOSCINE BUTYLBROMIDE INJ 1 ML | 33 | 32 |
| 103 | IBUPROFEN 200 MG TAB | | |
| 104 | IBUPROFEN 400 MG TAB | 2 | 1.95 |
| 105 | IRON HYDROXIDE POLYMATOSE & FOLIC ACID TAB | 9 | 8.5 |
| 106 | IRON HYDROXIDE POLYMATOSE SYS | 150 | 148 |
| 107 | IRON CAP | 4 | 3.9 |
| 108 | IRON SYS 200 ML | 120 | 118 |
| 109 | ITRACONAZOLE 100 MG TAB | 42 | 41 |
| 110 | ITRACONAZOLE 200 MG TAB | 72 | 71 |
| 111 | LEVOCETRIZINE 5 MG TAB | 6 | 5.8 |
| 112 | LEVOCETRIZINE 10 MG TAB | 12 | 11.5 |
| 113 | LEVOCETRIZINE SYS 60 ML | 77 | 75 |
| 114 | LOASARTAN 25 MG TAB | 4.4 | 4.3 |
| 115 | LOSARTAN 50 MG TAB | 7.6 | 7.5 |
| 116 | LOSARTAN 50 +HYDROCHLOROTHIAZIDE 12.5 | 14 | 13.5 |
| 117 | METFORMIN 500 MG TAB | 2 | 1.95 |
| 118 | METFORMIN 850 MG TAB | 3.75 | 3.74 |
| 119 | METFORMIN SR 1000 MG TAB | 6.25 | 6.24 |
| 120 | METRONIDAZOLE 200 MG TAB | 2 | 1.92 |
| 121 | METRONIDAZOLE 400 MG TAB | 4 | 3.9 |
| 122 | METRONIDAZOLE SYS 60 ML | 55 | 54 |
| 123 | MULTIVITAMIN CAP | 9 | 8.5 |
| 124 | NIMSSULIDE GEL | | |
| 125 | NIMSSULIDE TAB | 3 | 2.95 |
| 126 | NAVI MALAM 5 GM | 28 | 27 |
| 127 | OFLOXACIN 100 MG TAB | 5 | 4.95 |
| 128 | OFLOXACIN 200 MG TAB | 6 | 5.8 |
| 129 | OFLOXACIN 400 MG TAB | 8 | 7.9 |
| 130 | OFLOXACIN SYS 60 ML | 110 | 109 |
| 131 | OMEPRAZOLE 20 MG CAP | 4 | 3.8 |
| 132 | ONDASTERON 4 MG TAB | 7 | 6.9 |
| 133 | ONDASTERON 8 MG TAB | 12 | 11.5 |
| 134 | ONDASTERON SYS 30 ML | 70 | 68 |
| 135 | ORS | 10 | 9.9 |
| 136 | PANTOPRAZOLE 40 MG TAB | 8 | 7.9 |
| 137 | PARACETAMOL 125 SYS 60 ML | 30 | 29 |
| 138 | PARACETAMOL 500 MG TAB | 1 | 0.99 |
| 139 | PARACETAMOL DROP | 30 | 29 |
| 140 | PARACETAMOL + CAFFEIN 525 MG TAB | 5.5 | 5.4 |
| 141 | PARACETAMOL + IBUPROFEN SUS 60 ML | 32 | 31 |
| 142 | PARACETAMOL + IBUPROFEN 500 +400 MG TAB | 2 | 1.95 |
| 143 | POVIDINE IODINE 10 % 100 ML | 190 | 188 |
| 144 | POVIDINE IODINE 5 % 100 ML | 140 | 138 |
| 145 | POVIDINE IODINE OINT 15 GM | 70 | 68 |
| 146 | POVIDINE IODINE 5 % 30 ML | 45 | 43 |
| 147 | POVIDINE IODINE 5% 450 ML | 320 | 318 |
| 148 | POVIDINE IODINE GARGLE 1000 ML | 268 | 267 |
| 149 | POVIDINE IODINE GARGLE 50 ML | 65 | 64 |
| 150 | PREGABALIN 150 MG TAB | | |
| 151 | PREGABALIN 75 MG TAB | 15 | 14.7 |
| 152 | PREGABLIN-75 MG METHYCOBALAMINE 1500 MG | 35 | 34 |
| 153 | PREGABLIN-75 MG METHYCOBALAMINE 750 MG | 25 | 24 |
| 154 | RANITIDINE HCL 150 MG TAB | 3 | 2.9 |
| 155 | RANITIDINE HCL 300 MG TAB | | |
| 156 | ROSUVASTATINE 5 MG TAB | 12 | 11.5 |
| 157 | ROSUVASTATINE 10 MG TAB | 18 | 17.5 |
| 158 | ROSUVASTATINE 20 MG TAB | 32 | 31.5 |
| 159 | SALBUTAMOL 4 MG TAB | 2 | 1.95 |
| 160 | SALBUTAMOL SYS 100 ML | 90 | 88 |
| 161 | SILVER SULPHADIAZINE CREAM 30 GM | 100 | 98 |
| 162 | SPIRONOLACTONE +FRUSIX TAB | 9 | 8.9 |
| 163 | COTRIMOXAZOLE 120 MG TAB | | |
| 164 | COTRIMOXAZOLE 480 MG TAB | 4 | 3.8 |
| 165 | COTRIMOXAZOLE 960 MG TAB | 8 | 7.9 |
| 166 | COTRIMOXAZOLE SUS 60 ML | 55 | 54 |
| 167 | TINIDAZOLE 1000 MG TAB | 9.5 | 9 |
| 168 | TINIDAZOLE 5 00 MG TAB | 5 | 4.9 |
| 169 | VITAMIN B COMPLEX 100 ML | 80 | 78 |
| 170 | VITAMIN B COMPLEX 200 ML | 145 | 144 |
| 171 | VITAMIN B CMPLEX TAB | 2.1 | 2 |
| 172 | VITAMIN B COMPLEX WITH ZINC TAB | 5 | 4.9 |
| 173 | VITAMIN C TAB | 6 | 5.9 |
| 174 | ZINC 10 MG TAB | 4 | 3.9 |
| 175 | ZINC 20 MG TAB | 5 | 4.9 |

# हुम्लाको बिकट गाउँको युवा बिमा व्यावसायमा पुरस्कृत

नमस्ते समचारदाता
कोहलपुर, मंसिर/१३



बि.स.२०४४ साल चैत्र महिनामा बिकट हिमाली जिल्ला हुम्लाको ताँजाकोट गाउँपालिकामा जन्मिनु भएका नन्दखर जैसी जीवनका अनेकौ आरोह अवरोह पार गर्दै आज एक सफल बिमा व्यवसायी बन्नु भएको छ । जैसीले हिमाली जिल्ला हुम्लाकै श्री क्षेत्रपाल नि.मा.वि मा पढाइको शुभारम्भ गर्दै श्री धर्मोदय उच्च मा.वि. बाट एस.एल.सी. र कक्षा १२ सम्मको अध्ययन गर्नुभयो । उहाँले औपचारिक शिक्षालाई यतिकैमा बिट मारी आफ्नो घरायसी जिम्मेवारीलाई सम्हाल्न थाल्नुभयो । घरपरिवारको जिम्मेवारीको भारी बोके पश्चात आफ्नो तथा घरको जिम्मेवारी पनि स्वभाविक रुपमा उहाँ माथि बढ्यो । परिवारको त्यो जिम्मेवारीको भारीले उहाँलाई केहीले स्वदेश तथा त कहिले विदेशको आरोह अबरोह गराइरह्यो । बि.स. २०७० सालबाट व्यवसायीक रुपमा जब नन्दखर जैसी श्री नेपाल लाईफ इन्स्योरेन्स क.लि.मा सहभागी हुनुभयो त्यस पछि उहाँको जीवनमा पनि फरक मोड आयो । हुम्ला जस्तो विकट गाउँ बस्तीमा त्यहाँको समाजका मानिसहरुलाई विमा सम्बन्धी जनचेतना फैलाउदै काम त्यति सजिलो थिएन । किनभने त्यतिबेला बिमा भनेको शहरबजारमा बस्ने हुनेखाने धनी मान्छेहरुले गर्ने व्यवसाय हो भन्ने बुझाई थियो । तर जैसीले हुम्लाका गाउँबस्तीहरुमा समेत बिमाले मान्छेको जीवनमा आइपर्ने कठिन परिस्थितिहरुलाई कसरी सहयोग पुर्याउछ भनेर बिमा सम्बन्धी चेतना फैलाउँनु भयो । उक्त गाउँ बस्तीका जनतामा शिक्षाको पहुँच तथा आय आर्जनको कमी हुने हुँदा काम गर्न निकै नै गाह्रो थियो । तर आफ्नो लक्ष्य शिरोपर गर्दै गन्तब्यको विन्दु फेला पार्न अनवरत रुपमा लागिरहनु भयो । व्यवसायलाई सुदृढ मजबुत बनाउदै लैजाने योजनाका साथ बाँके जिल्ला कोहलपुर नगरपालिका वडा नं. ५ मा बसाईसराई गर्नु भयो । हिमालको दुर दराज बस्तीको व्यवसायमा भन्दा तराई अनि सहरमा जनमासको आर्थिक आय अलिवढी हुने हुँदा उहाँको एजेन्सी व्यवसायले पनि तिब्रता लियो । प्रत्येक वर्ष एजेन्सी म्यानेसर नविकरण हुँदै गर्दा व्यवसाय प्रतिको थप मनोबल बढ्दै गयो । नेपाल लाईफ कम्पनीमा बेला बेलामा दिने स्कीमहरु जित्दै जानु भयो । आफ्नो कर्म संगै जिवनमा नयाँ उत्साह थपिदै गयो स्कीम जितेर थाईल्याण्ड, सिंगापुर, मलेसिया र दुबै जस्ता देशहरुको भ्रमण गर्ने अवसर पनि उहाँले प्राप्त गर्नु भयो । नेपाल लाईफका प्रत्येक स्कीम जित्दा पाउने सम्मानले उच्चतम आनन्दको अनुभूती गरेको उहाँले सुनाउनु हुन्छ । आजभोली समय समयमा उहाँलाई पुरस्कृत हुने मौका मिलिरहनुले उहाँ हर्सित हुदै आफ्नो र घरपरिवार, आफन्तजन सबै तिरबाट सम्मान पाउदा जीवनमा अनेकौं घुम्तिहरु पार गर्ने क्रम सँगै राम्रो मार्गमा लागेको आफूलाई अनुभती हुने बताउँनु हुन्छ । उनले आगामी दिनमा पनि सबै सँग यस्तै साथ र सहयोगको अपेक्षा गरेका छन् । नन्दखर जैसी नेपाल लाइफबाट हुने अधिकाम्स सम्मानबाट सम्मानित भइसकेका छन् । उनले यस वर्ष पनि समृद्धि पदक जतिसकेका छन् ।

# भन्सार छलीका लाखौंको सामान बरामद



नमस्ते समचारदाता
कैलाली, मंसिर/१३

भन्सार छलेर भारतबाट भित्र्याइएको लाखौंको सामान कैलाली प्रहरीले बरामद गरेको छ । जिल्लाको विभिन्न नाकाबाट भित्र्याइएको छ लाख रुपियाँ बढीको सामान प्रहरीले बरामद गरेको हो । बरामद सामान आवश्यक कारबाहीका भन्सार कार्यालयमा पठाइने जनाइएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार धनगढी उपमहानगर पालिकास्थित आदर्श चोक र त्रिवेणीबाट अन्दाजी ३२ हजार रुपियाँ बराबरको माछा, चिनी, प्याज लगायतको सामान बरामद गरिएको छ । यसैगरी, गोदावरी नगरपालिका-३ चौकीडाँडाबाट दुई लाख ३१ हजार मूल्य बराबरको कपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कवीन्द्रसिंह बोहराले जानकारी दिनुभयो । यस्तै, कैलारी गाउँपालिका-५ मनिकापुरबाट अन्दाजी एक लाख ९५ हजार रुपियाँ बराबरको इन्भर्टर, ब्याट्री, कपडा लगायतको समान बरामद गरिएको छ । यसैगरी, टीकापुर नगरपालिका-८ बेलुवाबाट अन्दाजी एक लाख आठ हजार मूल्य बराबरको तेल, मोजा, माछा, मम्फली बरामद गरेको प्रहरीले जानकारी दिएको छ । भजनी नगरपालिकाको काँडा र पहलमानपुरबाट ३० हजार मूल्य बराबरको सिद्रा माछा, सिंगडा, हरियो खुर्सानी, त्यस्तै जोशीपुर गाउँपालिका-३ को फाडियाँबाट चिनी बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

# लैंगिक हिंसा नियन्त्रित नगर बनाउन सुझाव

नमस्ते समचारदाता
दाङ, मंसिर/१३



घोराही उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रित उपमहानगर बनाउन सञ्चार क्षेत्रमा क्रियासिल रहेकाहरुले सुझाव दिएका छन् । सन् २०२६ सम्म "उपमहानगरलाई लैंगिक हिंसा नियन्त्रित घोषणा गर्न सञ्चार क्षेत्रको भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रममा सरोकार वालाहरुले सञ्चार क्षेत्रको भूमिका बिना घोषणा अभियान छिटो छरितो र प्रभावकारी हुन नसक्ने बताएका हुन् । उपमहानगरले हालसम्म लैंगिक हिंसा नियन्त्रित घोषणा कार्यविधि २०८० निर्माण गरेको, सरोकारवालाहरुको प्रतिवद्धता लिने र नगर तथा वडास्तरमा समिति निर्माण गर्ने क्रम भइरहेको छ । उपमहानगरपालिकाले २२ आधारभूत र १० संस्थागत सूचक तयार गरी सबै सूचक पूरा गर्न विभिन्न गतिविधि सञ्चालन गरेको जनाएको छ । सञ्चार क्षेत्रबाट सूचकको लक्ष्य पूरा गर्न प्रोत्साहन गर्ने, लैंगिक हिंसा हुन नदिन र भए कानुनी दायरामा ल्याउन सचेतनाका लागि भूमिका खेल्ने, सरोकार वालाहरुलाई सचेत र खबरदारी गर्ने समेतको कार्य गर्न सक्ने अन्तर्क्रिया कार्यक्रममा छलफल भएको थियो । सो अवसरमा नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष एवं विषयविज्ञ दुर्गालाल केसीले सञ्चार माध्यमले अभियानमा खेल्न सक्ने भूमिकाका विषयमा पत्रकारहरुलाई जानकारी गराएका थिए । कार्यक्रममा प्रमुख अतिथि घोराही उपमहानगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक हुमाकुमारी डिसीले अभियानलाई प्रभावकारी बनाउन सञ्चारमाध्यमको सहयोगको अपेक्षा रहेको बताइन । बालमैत्री उपमहानगर बनाउन सञ्चार क्षेत्रको भूमिकाको प्रसंशा गर्दै उनले अब लैंगिक हिंसा नियन्त्रित पालिका बनाउने अभियानमा पनि उत्तिकै भूमिका निर्वाह गरिदिन आग्रह गरिन । कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत बासुदेव आचार्य, जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी ईश्वर थापा, नेपाल पत्रकार महासंघ दाङका सल्लाहकार लक्ष्मी आचार्य लगायतका पत्रकारहरुले जिज्ञासा राखेका थिए । सो अवसरमा पत्रकारहरुले घोराहीलाई लैंगिक हिंसा नियन्त्रित पालिका घोषणा गर्न सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

## क्यान्सर...

धार्मिक अनुष्ठानबाट स्थानीयको मुट्ठीदान गरेर निर्माण गरिएको क्यान्सर अस्पताल २०७२ मा सङ्घीय सरकारलाई हस्तान्तरण गरिएको थियो । सङ्घीय सरकारले पूर्ण स्वामित्व लिएर सञ्चालन गरे पनि विगत ९ वर्षदेखि अस्पतालका लागि न कुनै दरबन्दी स्वीकृत भएको छ न अस्पताललाई निजामती किताबखानामा सूचीकृत गरिएको छ । करार, अस्थायी र ज्यालादारी कर्मचारी र स्वास्थ्यकर्मीबाट अस्पताल सञ्चालन हुँदै आएको अस्पतालका निर्देशक डा. साहले बताए । दुई महिनाअघि नेपाल सरकारका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले अस्पतालको अवलोकन गर्दा १ महिनाभित्र फिजिसियन र रेडियोलोजिस्ट पठाउनुका साथै आवश्यक दरबन्दी स्वीकृत गर्ने आश्वासन दिए पनि हालसम्म कार्यान्वयन नभएको अस्पताल प्रशासनले जनाएको छ ।

## बाल...

बालसुधार गृहमा एक ब्लकमा प्रहरी ड्युटीमा हुन्छन् । ड्युटीवालाले हतियार बोक्न समेत पाउँदैनन् । बुधबार पनि अर्को ब्लकमा सार्न खोज्दा एउटाले प्रहरीमाथि प्रहार गरेको र त्यही मौकामा अरू पनि भागेको उनले जानकारी दिए । हुलमा भागेकाले केहीबेर तनावको स्थिति सिर्जना भएको थियो । पछि ब्यापक प्रहरी परिचालन गरेर उनीहरूलाई भेटाउन सफल भएको एसपी कार्कीले बताए । भाग्नेहरूमा १६ देखि १८ वर्ष उमेर समूहका रहेका छन् । सरकारले बालसुधार गृह सुरक्षाका लागि सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा ३० जना सशस्त्र प्रहरी र नेपाल प्रहरीका २५ जना सुरक्षाकर्मी खटाएको छ । खोजीमा जिल्लाका सबै सुरक्षा निकायलाई परिचालन गरिएको छ ।' त्यस्तै बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजालले जिल्लामा पटक पटक यस्तो घटना हुनु चिन्ताको विषय भएको भन्दै यस विषयमा सुरक्षा समितिबाटै सुधार गृहको सुरक्षाको विषयमा निर्णय गरेर गृह मन्त्रालयलाई पठाइने बताए । रिजालले बाल सुधारगृहमा थप सुरक्षाकर्मी परिचालन गर्न निर्देशन दिएको जनाउँदै सुधार गृहका लागि कानुनी र नीतिगत सुधार जरुरी रहेको बताए । गत केही वर्षदेखि नेपालगन्जको बाल सुधार गृहमा पटक पटक झडप, कुटपिट र विवाद हुने तथा सोही मौका छोपेर बाल बिजाइँकर्ताहरु फरार हुने गरेका घटना निरन्तर हुँदै आएका छन् ।

# स्थानीय तहसँग छैन पर्यटकको अभिलेख

नमस्ते समचारदाता
दैलेख, मंसिर/१३



काठमाडौं र लुम्बिनीपछि धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक हिसाबले निकै महत्वपूर्ण मानिने दैलेखमा हजारौं वर्ष पुराना सम्पदा रहेका छन् । आन्तरिक तथा बाह्य पर्यटकको रोजाइँमा रहने दैलेखमा नेपाली भाषाको शिलालेख, कोतगढी, पञ्चदेवल, पानीमाथि आगो बल्ने ज्वाला क्षेत्रलगायतका पर्यटकीय स्थल छन् । पछिल्ला वर्षमा यहाँ रहेका पर्यटकीय स्थलको अवलोकनका लागि भन्दै आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको देखिन्छ । यहाँका ११ वटा स्थानीय तहमा रहेका पर्यटकीय स्थलको अवलोकनमा आएका पर्यटकको तथ्याङ्क भने राखेको पाइँदैन । स्थानीय सरकारले आफ्नो ठाउँमा रहेका पर्यटकीय स्थलको संरक्षण, प्रचारप्रसारसँगै अवलोकनमा आएका पर्यटकको तथ्याङ्क सुरक्षित राख्नुपर्ने भए पनि स्थानीय सरकार र सम्बन्धित निकायले तथ्याङ्क राख्न नसक्दा कति पर्यटक जिल्लामा भित्रिए भन्ने अनुमानसमेत गर्न नसकिने भएको छ । जिल्लाका ११ स्थानीय तहमध्ये नारायण नगरपालिका, दुल्लु नगरपालिका, भैरवी गाउँपालिका, नौमुले गाउँपालिका र महाबु गाउँपालिकामा विभिन्न धार्मिकदेखि प्राचीन पर्यटकीय स्थल रहेका छन् । नारायण नगरपालिका दैलेखका नगरप्रमुख लोमन शर्माले पर्यटकीय क्षेत्रको अवलोकनका लागि आउने पर्यटकको तथ्याङ्क नराखिएको बताउनुभयो । उहाँले हालसम्म यहाँ आउने पर्यटकको विवरण नराख्ने गरेको भए पनि अबका दिनदेखि तथ्याङ्क राख्नका लागि आवश्यक कार्ययोजना बनाउने बताउनुभयो । उहाँले भन्नुभयो, "नारायणमा रहेका पर्यटकीय क्षेत्रको संरक्षणमा स्थानीय सरकारले काम गर्दै आएको र शुल्कसहितको अभिलेख राख्ने काम गर्छौं ।" दुल्लु नगरपालिकाका प्रमुख भरतप्रसाद रिजालले नेपाली भाषाको शिलालेख, विभिन्न जातजातिको उद्गमस्थल मानिने दुल्लुले पनि यहाँको पर्यटकीय क्षेत्रको प्रचारप्रसार र त्यहाँ आउने पर्यटकको तथ्याङ्क राख्न नसकेको बताउनुभयो । उहाँले अहिलेसम्म दुल्लुमा आउने आन्तरिक तथा बाह्य पर्यटकको विवरण राख्ने नगरेको बताउँदै पर्यटकको तथ्याङ्क राख्ने निर्णय भएको भए पनि कार्यान्वयन हुन नसकेको जनाउनुभयो । जिल्ला समन्वय समिति दैलेखका प्रमुख नमराज शाहीले स्थानीय सरकारले आफ्नो जिल्लामा आएका पर्यटकको तथ्याङ्क राख्न नसक्नु स्थानीय सरकारको कमजोरी भएको बताउनुभयो । जिल्लामा रहेको विभिन्न पर्यटकीय स्थलमा आउने आन्तरिक तथा बाह्य पर्यटकको तथ्याङ्क स्थानीय सरकारले नै राख्नुपर्ने जिल्ला समन्वय समितिले जनाएको छ । दैलेखका ११ वडा स्थानीय तहका ९० वडामा विभिन्न पर्यटकीय स्थल रहेका छन् । यहाँका पर्यटकीय स्थलको अवलोकनमा आएका आन्तरिक तथा बाह्य पर्यटकबाट निश्चित शुल्क उठाउन सके गाउँका सरकारको आन्तरिक आम्दानीसमेत बढ्ने सरोकारवाला निकायले बताएका छन् ।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके